नगर कार्यपालिकाबाट पारित मिति : २०७४।१२।११
प्रमाणीकरण मिति :२०७४।१२।११
राजपत्रमा प्रकाशित मिति :२०७५।०१।०३

नलगाड राजपत्र

नलगाड नगरपालिकाद्धारा प्रकाशित

खण्ड २) दल्ली, जाजरकोट वैशाख ०३ गते, २०७५ (संख्या २)

## भाग ४

## नलगाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २१४ को उपधारा (१) बमोजिमको नलगाड नगरपालिका नगर कार्यपालिकाले बनाएको उल्लेखित बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## विपद् व्यवस्थापन कोष कार्यविधि, २०७४

संम्वत् २०७४ सालको कार्यविधि नं १

नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी मिति २०७४।१२।११ को नलगाड नगरपालिका नगर कार्यपालिकाको वैठकबाट नलगाड नगरपालिकाको विपद् व्यवस्थापन कोष कार्यविधि, २०७४ स्वीकृत भई जारी गरिएको छ ।

# विपद् व्यवस्थापन कोष कार्यविधि, २०७४

**प्रस्तावना**

प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपको कारण उत्पन्न हुने विपदहरुको जोखिम अनुकुलनको लागि यस नलगाड नगरपालिकाका नागरिकहरुलाई राहत तथा सहायता वितरण गर्न वाञ्छनीय भएकोले, नलगाड नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ को अधिकार प्रयोग गरि नलगाड नगरपालिकाको नगर कार्यपालिकाकावाट यो कार्यविधि तयार गरि लागु गरिएको छ ।

## परिच्छेद – एक

### संक्षिप्त नाम र प्रारम्भ

**(१) संक्षिप्त नाम प्रारम्भ :-** (१) यस कार्यविधीको नाम " विपद् व्यवस्थापन कोष कार्यविधि २०७४" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद – दुई

### परिभाषा

**(२) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा उल्लेखित,**

(क) "विपद् व्यवस्थापन कोष" भन्नाले नलगाड नगरपालिकाको विपद् व्यवस्थापन कोषलाई सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले नलगाड नगरपालिकाको "विपद् व्यवस्थापन कोष कार्यविधि २०७४" लाई सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले विपद् व्यवस्थापन कोष सञ्चालक समितिलाई सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले संविधान र ऐन वमोजिम स्थापना भएको नलगाड नगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) "विपद्" भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धन, जन, पशु चौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दु:खद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् अवस्था सम्झनु पर्छ ।

(च) "प्राकृतिक विपद्" भन्नाले बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न हुने विपद्लाई सम्झनुपर्छ ।

(छ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट आतङ्क, वर्डफ्लु, सर्पदंश, जनावर आतङ्क, खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस वा रसायन चुहावट, विकिरण, ग्याँस विष्फोटन विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनुपर्छ ।

तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्कावाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।

(ज) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् पुनर्लाभसँग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनुपर्छ ।

(झ) विपद् जोखिम न्यूनीकरण भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम, विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरणसंग सम्वन्धित कार्य सम्झनुपर्छ ।

(ञ) पूर्व तयारी भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सवै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनुपर्छ ।

## परिच्छेद – तीन

### सञ्चालक समिति गठन

**(३) सञ्चालक समिति सम्वन्धी व्यवस्था :** (१) विपद् व्यवस्थापन कोष कार्यविधि २०७४ को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक सञ्चालक समिति रहनेछ ।

(१) नगर प्रमुख – संयोजक

(२) नगर उपप्रमुख – सदस्य

(३) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

(४) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य

(५) सामाजिक विकास समितिको संयोजक - सदस्य

(६) प्रहरी/सेना कार्यालयका प्रतिनिधि – सदस्य

नलगाड नगरपालिका नगरपालिकाको कार्यालय दल्ली, जाजरकोट ६ नं. प्रदेश, नेपाल २०७३

(७) प्राविधिक शाखा प्रमुख – सदस्य

(८) विपद व्यवस्थापनको क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधि दुई जना– सदस्य

(९) नगरपालिकाको स्वास्थ्य तथा सरसफाई कार्यालय प्रतिनिधि – सदस्य

(१०) विषयगत शाखा/उपशाखा प्रमुख ४ जना - सदस्य

(११) योजना शाखा प्रमुख – सदस्य सचिव

आवश्यकता अनुसार विपद् व्यवस्थापन समितिको वैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिने छ ।

**(४) सञ्चालक समितिको काम कर्तव्य र अधिकार :**

- नगरपालिकाको विपद् व्यवस्थापन कोषको लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- नगरपालिका विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी नगर सभावाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।
- विपद्वाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने ।
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न नगरपालिकालाई सिफारिस गर्ने ।

## परिच्छेद–चार

### समितिको बैठक

**(५) गणपुरक संख्या :** (१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर आपतकालिन अवस्थामा विपत व्यवस्थापन समितिबाट अनुमोदन हुने गरि नगर प्रमुखले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ ।

(३) यस समितिका पदाधिकारीले बैठक बसेको दिन प्रति बैठक रु.१०००।० बैठक भत्ता पाउने छन् ।

## परिच्छेद–पाँच

## कोषको स्थापना र सञ्चालन

**(६) कोषमा जम्मा हुने रकम :** (१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) नलगाड नगरपालिकावाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकार, प्रदेश सरकारवाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) सरकारी, गैर सरकारी तथा अन्य दातावाट अनुदानको रुपमा प्राप्त भएको सहयोग ।

(घ) अन्य स्रोतवाट प्राप्त हुने रकम ।

**(७) कोषको सञ्चालन :** (१) यस कोषको रकम नगरपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी प्रचलित कानुन अनुसार खर्च गरिनेछ ।

**(८) कोषमा जम्मा भएको रकम :-** (१) यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

**(९) लेखा परीक्षण :** (१) यस कोषको आन्तरिक लेखापरीक्षण आ.ले.प. शाखावाट र अन्तिम लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयवाट गरिनेछ ।

**(१०) खाता सञ्चालन** : (१) यस कोषको खाता सञ्चालन प्रचलित कानुन अनुसार हुनेछ ।

## परिच्छेद – छ

## राहत तथा सहायता वितरण :

**(११) राहत सम्वन्धी व्यवस्था :** (क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. १००००।० (दश हजार) का दरले मृतकका परिवारलाई आर्थिक सहयोग उपलव्ध गराईनेछ ।

(ख) विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रु. ८०००।० (आठ हजार) राहत उपलव्ध गराईने छ । आंशिक घर क्षति भई तत्काल मर्मतको लागि अधिकतम रु.५०००।० (पाँचहजार) सम्म प्रति परिवार राहत सहयोग उपलव्ध गराईनेछ ।

(ग) विपद्को घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालवाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु ६०००।० (छ हजार) यातायात खर्च दिइनेछ ।

नलगाड नगरपालिका नगरपालिकाको कार्यालय दल्ली, जाजरकोट ६ नं. प्रदेश, नेपाल २०७३

(घ) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही यस समिति मार्फत् राहत सहयोग उपलब्ध गराइनेछ । तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलब्ध गराउनु पर्ने भएमा तोकिएको राहत रकम वडा सचिवले पिडितलाई उपलब्ध गराउन सक्नेछ । यसरि उपलब्ध गराएको रकमको सोधभर्नाका लागि आवश्यक कागजात सहित समितिमा पेश गर्नुपर्नेछ ।

(ङ) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सर्जमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।

## परिच्छेद – सात

### विविध

**(१२) अनुगमन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था :** (१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि नगरपालिकाबाट अनुगमन गरिनेछ ।

(२) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन नगर कार्यपालिकामा पेश गरिनेछ ।

**(१३) संशोधन तथा परिमार्जन सम्वन्धमा :** (१) नगरपालिका विपद् कोषलाई व्यवस्थित वनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**(१४) खारेजी तथा वचाउ :** (१) यो कार्यविधि कार्यान्वयन हुनु भन्दा अगाडी भएका आर्थिक सहायता तथा राहत वितरण यसै वमोजिम भएको मानिनेछ ।

(२) यस कार्यविधिमा भएका व्यवस्थाहरु "स्थानीय सरकार सञ्चालन ऐन २०७४" तथा अन्य प्रचलित संघिय तथा प्रदेश कानुनसंग वाझिएको हदमा अमान्य हुनेछ ।

नलगाड नगरपालिका नगरपालिकाको कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट ६ नं. प्रदेश, नेपाल २०७३

आज्ञाले
सुरेन्द्र सिंह
निमित्त प्रमुख प्रशासकीय अधिकृत